"प्राकृतिक स्रोत र सम्पदाको खानी, सुखी र समृद्ध हाम्रो तातोपानी "

तातोपानी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

लिताकोट,जुम्ला

कर्णाली प्रदेश,नेपाल

पत्र संख्याः२०७९।०८०

चलानी नम्बरः ५४५

मितिः२०७९।१२।०८

**विषयःदोश्रो चौमासिक समिक्षा तथा सार्वजनिक सुनुवाई सम्बन्धमा।**

श्री सरोकार वाला सम्पुर्ण

प्रस्तुत बिषयमा यस तातोपानी गाउँपालिकाको चालु आव २०७९।०८० को दोश्रो चौमासिक समिक्षा तथा सार्वजनिक सुनुवाई कार्यक्रम मिति २०७९।१२।०७ गते बिहान ११ बजे गाउँपालिकाको प्राङ्गणमा सञ्चालन गरिएकोमा सो कार्यक्रममा उपस्थित प्रमुख अथिति, बिशेष अथिति, अथिति, राजनितिक दलका प्रतिनिधी ,पत्रकार ,नागरिक समाज , बुद्धिजिवि ,महिला स्वयम सेविका लगायतका सर्वसाधारणले यस गाउँपालिकाको सेवा प्रवाह लगायतका काम कारवाहीका बिषयमा तपसिलमा उल्लेखित सवाल उठाउनु भएकाले उक्त सवालहरुको जवाफ कार्यक्रम स्थलमा जवाफदेही वक्ताहरुले तत्कालै जवाफ दिनु भएको र गाउँपालिकाको सेवा प्रवाह लगायतका कार्य सम्पादनमा रचनात्मक सुझाव दिनु हुने सम्पुर्णलाई धेरै धेरै धन्यवाद ब्यक्त गर्दै पुरा गर्न बाँकी कामकावाही यथाशिघ्र पुरा गर्ने प्रतिवद्धता सहित कार्यक्रम सम्पन्न भएको ब्यहोरा अनुरोध गर्दछु । साथै सो कार्यक्रम सम्पन्न गर्न अहोरात्र खटिने जनप्रतिनिधि तथा कर्मचारीहरुलाई धन्यवाद ब्यक्त गर्दछु

**कार्यक्रममा उठेका सवालहरु**

१ , महिला स्वास्थ्य स्वयम सेविकाको सेवा सुविधामा कमि।

२ , सबै आयोजना स्थलमा होडिङ्ग बोर्ड अनिवार्य राख्नु पर्ने।

३ ,बिगतका सरकारले सञ्चालनमा ल्याएका राम्रा काम तथा योजनाको निरन्तरता।

४ ,पहिला निर्माण भएका डि पि आरको खोजी तथा कार्यान्वयन।

५ ,सबै बिषय गत शाखामा नागरिक बडापत्र राख्नु पर्ने ।

६ , ठेक्का मार्फत सञ्चालन गर्ने आयोजनाको ठेक्का प्रकियामा ढिलासुस्ति देखिएको।

७ ,चालु खर्चको बिस्तृत बिवरण माग।

८ ,तातोपानी धाराको ब्यवस्थापन तथा कार्यविधि कार्यन्वयनका चुनौति सरोकारवालाको सहभागिता

९ ,औषधि तथा सेनेटरी प्याड खरिद प्रकिया सम्बन्धि

१० ,राज्यका महत्वपुर्ण तथा पालिकाका निबर्तमान जन प्रतिनिधीहरुको तस्विर राख्नु पर्ने बिषय

११ ,आयोजनाको निर्माण हुने बेलामा प्राविधिक कर्मचारीको उपस्थिति न्युन हुने बिषय।

१२ ,वडाहरुमा पठाइएका जिन्सी सामानको अभिलेखिकरण तथा संरक्षणको बिषय।

२०७९।१२।०८

प्रमुख प्रशासकीय अधिकृत

फोन:९८४९३३७७१२Email-info@tatopanimun.gov.np Website-www.tatopanimun.gov.np

"प्राकृतिक स्रोत र सम्पदाको खानी, सुखी र समृद्ध हाम्रो तातोपानी "

तातोपानी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

लितकोट,जुम्ला

कर्णाली प्रदेश,नेपाल

---

१३ ,वडामा कर्मचारी को उपस्थिति तथा सेवा प्रवाहको बिषय।

१४ , कार्यालयमा सुचना अधिकारीको फोटो सहितको बिवरण राख्नु पर्ने

१५ ,पालिकामा रहेका सबै धार्मिक पर्यटकिय स्थल तथा सार्बजनिक स्थलको संरक्षण हुनु पर्ने।

१६ ,योजना सम्पन्न भए पछि कार्यालयबाट कट्टा गर्ने कन्टिजेन्सी लगायत अन्य करको बिषय ।

१७ ,पालिकाले  सम्पन्न गरेका महत्वपुर्ण कामकारवाहीको विवरण माग।

१८, शैक्षिक गुणस्तर सुधारमा पालिकाको आगामी योजना शिक्षक सरुवा तथा दरबन्दी मिलान ।

१९ , दिवा खाजामा रैथानेबालिका परिकारलाई अनिवार्य गर्नु पर्ने।

२०, राष्ट्रपति शैक्षिकसुधारका भवनहरुको निर्माण कार्य छिटो भन्दा छिटो गर्नु पर्ने।

२१, कृषि तथा पशुपन्छिका अनुदानका कार्यक्रमहरु जनमुखि हुन नसकेको।

२२ ,बास्तविक बेरोजगार हरुले रोजगार पाउन नसकेको तथा बेरोजगारीको बास्तविक तथ्याङ्क हुनु पर्ने।

२३, बास्तविक उद्धमिको पहिचान सहित उचित अनुदानको कार्यक्रम सञ्चालन गर्नु पर्ने।

२४ , जनता सँग अध्यक्ष तथा उपाध्यक्ष कार्यक्रम प्रभावकारी हुनु पर्ने

२५ , वडा नं ७ र ८ मा सामाजिक सुरक्षा भत्ता बितरण र बिशेष क्षेत्र घोषणा सहितका सेवा प्रवाह सुलभ गराउने

२६,  बिधार्थिको छात्रबृति तथा पाठ्यपुस्तकका बिषय।

२७, न्यायिक समितिको कार्यसम्पादन लगायत उजुरीको अवस्था।

२८ ,साना साना टुक्रे योजना भन्दा ठुला योजना बनाउन सुझाव।

२९ , बितरण मुखि योजना नबनाउन माग।

३० , सञ्चार निति तथा कार्यविधि बनाउन सुझाव।

३१ , एम्बुलेन्स सञ्चालन तथा संकलित राजश्वको विवरण माग।

३२ , नागरिक सचेतनाका कार्यक्रम सञ्चालनमा जोड दिनु पर्ने।

३३  ,कार्यालयमा हेल्पडेस्क सञ्चालन गर्नुपर्ने।

३४  विपद व्यवस्थापन तथा राहत वितरण   ।

२०८१।१२।१०

तीर्थ बहादुर कठायत
प्रमुख प्रशासकिय अधिकृत

फोनः९८४९३३७७१२Email-info@tatopanimun.gov.np Website-www.tatopanimun.gov.np